श्री...........................................................................................

# कृषक समूह खोटेहाङ, खोटाङको बिधान

गठन मिति :

समुह दर्ता नं. :– ...................

*बिषय सुची*

प्रस्तावना.......................................................................................

**परिच्छेद –१**

प्रारम्भिक.......................................................................................

१.संक्षिप्त नाम र प्रारम्भ.....................................................................

२.परिभाषा.......................................................................................

३.समूहको छाप..................................................................................

४.समूहको कार्यालय............................................................................

५.कार्यसमिति.....................................................................................

**परिच्छेद –२**

६.उद्देश्य र कार्य.................................................................................

**परिच्छेद –३**

**सदस्यता**.......................................................................................

७.साधारण सभा..................................................................................

८.सदस्यता शुल्क.................................................................................

९.सदस्यता कायम नरहने अवस्था...........................................................

**परिच्छेद –४**

**साधारण सभा तथा कार्यसमिति**........................................................

१०.साधारण सभा.................................................................................

११. साधारण सभाको अदिबेसन.............................................................

१२. साधारण सभाको काम, कर्तब्य, अधिकार...............................................

१३. साधारण सभाको कोरम...................................................................

१४.कार्य समिति (गठन बिधि).................................................................

**परिच्छेद –५**

१५. कार्यसमितिको काम कर्तब्य अधिकार ..................................................

१६.१ अध्यक्षको काम कर्तव्य अधिकार..............................................................

१६.२ उपाध्यक्षको काम कर्तव्य अधिकार............................................................

१६.३ सचिवको काम कर्तव्य अधिकार.................................................................

१६.४ कोषाध्यक्षको काम कर्तव्य अधिकार...........................................................

१६.५सदस्यहरुको काम कर्तव्य अधिकार............................................................

**परिच्छेद– ६**

**आर्थिक व्यवस्था र परिचालन**..........................................................................

१७.आर्थिक श्रोत...........................................................................................

१८.हितकोष................................................................................................

१९.हितकोष परिचालन....................................................................................

२०.बिलम्ब शुल्क..........................................................................................

२१.लेखा परिक्षण.........................................................................................

**परिच्छेद –७**

२२.निर्वाचन सम्बन्धि व्यवस्था.......................................................................

२३.पदावधि................................................................................................

२४.उम्मेदारको अयोग्यता ..............................................................................

२५.अबिश्वासको प्रस्ताव.................................................................................

२६.राजिनामा..............................................................................................

२७.बिधान संसोधन ......................................................................................

२८.नियम बनाउने.........................................................................................

२९. उपसमिति गठन गर्न सक्ने छ।...................................................................

३०.समूहको बिघठन......................................................................................

३१. ऐन नियम.............................................................................................

३२.यस समूहको छाप र लोगो.........................................................................

**प्रस्तावना** :

कृषिजन्य वस्तुको उत्पादन,उत्पादकत्व बढाउन उत्पादन सामग्रीलाई सुलभ बनाउन,उत्पादित सामग्रीको बिक्री बितरण भण्डारण व्यवस्थापन गर्न उन्नत बीउ एवं आयवृद्धि , बचत संकलनबाट आत्म निर्भर हुनको लागि **खोटेहाङ गाउँपालिका कृषि शाखा, खोटाङको सहयोगमा ..............................................................खोटाङ, गठन गऱ्यौं ।**

## परिच्छेद –१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** :

(क) यस बिधानको नाम **श्री................................................................................खोटाङ को बिधान रहनेछ ।**

**(ख) यो समूह खोटेहाङ गाउँपालिका कृषि बिकास शाखा खोटाङमा दर्ता भएपछि तुरुन्त लागु हुनेछ ।**

**२.परिभाषा :**

बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यो बिधान :

(क) समूह भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्धारा कृषि उपजको उत्पादन,उत्पादकत्व बढाई तथा आयआर्जन गर्न इच्छुक कृषकहरुको समुहलाई वुझाउने छ ।

(ख) सदस्य भन्नाले कृषक जो कि यस कृषक समूहको उद्देश्य अनुसार उत्पादन र उत्पादकत्व बढाउन बिधानको दफा ७ बमोजिम सदस्यता लिएको हुन्छ ।

(ग) कार्य समिति भन्नाले "विधान अनुसार निर्वाचित वा मनोनित अध्यक्ष, उपाध्यक्ष,कोषाध्यक्ष,सचिव, तथा ३ जना सदस्य गरी जम्मा ७ जना पदाधिकारीहरुलाई जनाउने छ"।

(घ) साधारण सभा भन्नाले यस बिधानको दफा १० बमोजिम गठित सभालाई जनाउने छ ।

**३.समूहको छाप** :

गोलो घेराभित्र यस समुहको नाम श्री ....................................कृषक समूह देख्न, पढ्न सकिने छ ।

**४.समूहको कार्यालय** : **खोटेहाङ गाउँपालिका वडा नं. ............... रहने छ ।**

**५. कार्यसमिति** :

**यस समुहको कार्यसमिति तल उल्लेख भए बमोजिम हुने छ ।**

(१) अध्यक्ष–१ (२) उपाध्यक्ष–१ (३) कोषाध्यक्ष–१ (४) सचिव–१ (५) सदस्य–३ जना गरी ७ जनाको कार्यकारी, समिति र अन्य साधारण सदस्य १५ जना गरी जम्मा २२ सदस्य हुनेछ । तत्काल ३ जना .......... गाउका सदस्य थप्न सकिने छ ।

| क्र.सं. | पद | नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | कोषाध्यक्ष | | | |
| ४ | सचिव | | | |
| ५ | का.सदस्य | | | |
| ६ | का.सदस्य | | | |
| ७ | का.सदस्य | | | |
| ८ | सदस्य | | | |
| ९ | सदस्य | | | |
| १० | सदस्य | | | |
| ११ | सदस्य | | | |
| १२ | सदस्य | | | |
| १३ | सदस्य | | | |
| १४ | सदस्य | | | |
| १५ | सदस्य | | | |
| १६ | सदस्य | | | |
| १७ | सदस्य | | | |
| १८ | सदस्य | | | |
| १९ | सदस्य | | | |
| २० | सदस्य | | | |
| २१ | सदस्य | | | |
| २२ | सदस्य | | | |
| २३ | सदस्य | | | |

| | | | | |
|---|---|---|---|---|
| २४ | सदस्य | | | |
| २५ | सदस्य | | | |

## परिच्छेद– २

## उद्देश्य र कार्य

६. (क) **उद्देश्य** : सदस्यहरुको सामाजिक,आर्थिक,कृषिजन्य व्यावसायिक,हितलाई ध्यान राखी देहायमा उल्लेखित समूहको उद्देश्य हुने छ ।

१.१कृषि व्यवसायलाई आधुनिकीकरण एवं प्रविधिकरण गरी उत्पादकत्व,उत्पादन बृद्धिका लागि एकजुट भई काम गर्ने ।

१.२ सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने ।

१.३ सदस्यहरुमा स्वाबलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्यायिताको भावना सिर्जना गर्ने ।

१.४ कृषि उत्पादनको लागि पूर्वाधार तयार गर्ने ,कृषि उत्पादनलाई व्यवसायीकरण गर्ने ।

१.५.जैविक बिबिधता संरक्षण तथा अभिलेखीकरण गर्ने ।

१.६ पशुपक्षी पालन तथा दुग्ध व्यावसाय संचालन गरि कृषकहरुको आयआर्जन वृद्धि गर्ने ।

**समूहको बिधानको दफा ६ बमोजिमका उद्देश्य प्राप्त गर्न यो समूहले देहाय बमोजिमका कार्यहरु गर्ने छ ।**

**१.कृषि उत्पादन** :

१.१ उन्नत प्रविधि बाट खेती गरी उत्पादन एवं उत्पादकत्व बढाउने ।

१.२ बिजबृद्धि गरी आत्मनिर्भर हुने ।

१.३ उन्नत प्रबिधि अपनाउने ।

१.४ कृषि उत्पादन बाट आय बृद्धि गर्ने ।

१.५ समूहबाट बजार व्यवस्थापन गर्ने ।

१.६ कृषकद्धारा उत्पादित वस्तुको मूल्यमा एक रुपता ल्याउने ।

१.७ भण्डारणको व्वस्था मिलाउने

१.८ सदस्यको सिपमा बृद्धि गर्नका लागि अन्य कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गर्ने ।

१.९ सदस्यको आर्थिक अवस्था सुधार गर्न सक्ने किसिमका अन्य क्रियाकलाप सञ्चालन गर्ने ।

१.१० सदस्यहरु बीच स्वावलम्वन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिबृद्धि गरी नियमित बचत गर्ने बानी बिकास गर्ने ।

१.११समूह सदस्यहरुमा उत्पादनशिल आयमूलक एवं सीपमूलक उद्देश्य प्राप्तिका लागि सदस्यहरुलाई सुलभ ब्याजदरमा ऋण  प्रदान गर्ने ।

१.१२ आफ्नो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय,क्षेत्रीय,राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सहयोगात्मक भावना राख्ने ।

१.१३ कृषि सँग सम्वन्धित अन्य कृषक समूह, सहकारी वित्तिय संघ संस्थासँग  सम्पर्क कायम गरी जानकारी एबं सुचना आदान प्रदान गर्ने ।

१.१४यस क्षेत्र भेगको कृषकहरुद्धारा  उठाएको समस्याहरु सिम्ता गाउपालिका कृषि बिकास शाखा, अनुसन्धान कार्यालय तथा अन्य निकायहरुलाई सम्पर्कद्धारा जानकारी उपलब्ध गराई सामाधान निकाल्ने प्रयास गर्ने।

१.१५उन्नत बीउ, रासायनिक मल, सुधारिएको औजार, किटनाशक बिषादी आदि बिक्री बितरण गर्ने ।

१.१६सिंचाई सुबिधा उपलब्ध गराउने ।

१.१७ खेती बिकास योजना तयार गर्न एवं प्याकेज कार्यक्रमलाई सहयोग पुऱ्याउने ।

१.१८ सघन कृषि बिकास कार्यक्रमलाई सघाउ पुऱ्याउने ।

१.१९ नगदे बाली,उत्पादन,भण्डारण, प्रशोधन तथा बिक्री बितरणको व्यवस्था गर्ने ।

१.२० कृषि उपज उचित मूल्यमा खरिद बिक्रि तथा  ढुवानी गर्ने ।

१.२१ कृषि उपज भण्डारण गर्न गोदामको सुबिधा उपलब्ध गराउने ।

१.२२ कृषि उपज प्रशोधन गर्ने ।

१.२३ प्रशोधित वस्तु उचित मूल्यमा  बिक्रि  गर्ने ।

१.२४ कृषि उत्पादनलाई ब्यावसायिकरण गर्ने ।

१.२५ बचत हितकोष संकलन गर्ने ।

१.२६ संकलित बचत हितकोषको प्रभावकारी परिचालन गर्ने ।

१.२७ जैबिक बिबिधता संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

१.२८. माथि उल्लेखित उद्देश्य पूर्ति गर्न अन्य कार्यहरु गर्ने।

## परिच्छेद –३

### सदस्यता

एक उद्देश्य एवं बिभिन्न आर्थिक अवस्था भएको एवं यस समूहको विधानको परिधिभित्र रहने इच्छा व्यक्त गरेको व्याक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिने छ । तर सदस्य हुन चाहने व्याक्तीले कम्तीमा समुहको सदस्यहरुको लिखित सिफारिस साथ निर्धारित ढाँचामा दरखास्त दिनु पर्ने छ ।

(क) खेतीपाती गरिरहेको हुनु पर्ने ।

(ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न इच्छुक भएको ।

(ग) समूहको विधान अनुसार कार्य गर्न मञ्जुरी भएको ।

(घ) कृषक कृषक बीच आपसी सहयोग बढाउन इच्छुक भएको ।

(ङ) सदस्यताको लागि उमेर पुगेको हुनु पर्ने छ ।

**७.साधारण सदस्यता** :

सदस्य शुल्क रु ..। तिरी साधारण सदस्यताको निबेदन दिइ कार्य समितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ । यस्तो सदस्यताले मासिक बचत रु. ...प्रत्येक महिनामा जम्मा गर्नु पर्ने छ ।

**८.सदस्यता शुल्क** :

प्रत्येक सदस्यले सदस्य शुल्क बापत रु ....।(पछि फिर्ता नहुने गरी) बुझाउनु पर्ने छ ।

**९.सदस्यता कायम नरहने अवस्था (सदस्यताको अयोग्यता)** :

कार्यसमितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहराई सदस्यता समाप्त गर्न सक्नेछ ।

(क)तोकिएको मासिक बचत .. महिना सम्म नतिरेमा

(ख)बिधानको उद्देश्य बिपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समिति बाट निष्काशन गरेमा ।

(ग) मानसिक सन्तुलन बिग्रेको प्रमाणित भएमा ।

(घ)सदस्यता बाट राजिनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन दिई कार्यसमितिले सदर सिफारिस गरेमा )

(ङ) अपराधिक कार्यमा संलग्न भएको दोषी प्रमाणित भएमा ।

(च) अन्य पेसा भए पनी कृषि पेसा गर्नेलाइ सहयोग समर्थन गर्न छोडेमा ।

(छ) मृत्यु भएमा ।

(ज)समूहको सञ्चालन र प्रगतिमा हानि हुने कुनै किसिमको कार्य गरेमा वा समूहको रकम हिनामिना गरेमा ।

(झ) समूहको सिद्धान्त वा नियम तथा प्रतिष्ठामा आच आउने कार्य गरेमा ।

(ञ) .....पटक सम्म बिना सुचना अनुपस्तित रहेमा ।

## परिच्छेद –४

## साधारण सभा तथा कार्यसमिति

**१०.साधारणसभा (बिधि)** :

यस समूहको सदस्यता प्राप्त सम्पुर्ण सदस्य साधारण सभाको सदस्य हुने छ । जुन समूहको उच्चतम निकाय हुने छ । यसले बिधान पारित एवं संशोधन गर्न सक्ने छ । साधारण सभा बर्षमा ... पटक र साधारण तया .... महिनामा बस्ने छ । तर आवश्यकता अनुसार जुनसुकै वेला साधारण सभा बोलाउन सकिने छ ।

**११.साधारण सभाको अदिबेसन (बैठक)** :

कार्यसमितिले तोकेको मिति र समयमा यस समुहको सचिवले, अध्यक्षको परामर्श लिई लिखित सुचना द्धारा सम्पूर्ण सदस्यलाई साधारणसभाको स्थान,समय,मिति तथा एजेण्डाको जानकारी गराउनु पर्ने छ ।

**१२.साधारणसभाको काम, कर्तब्य र अधिकार** :

(क) कार्यसमितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।

(ख) विधान संशोधन गर्ने ।

(ग) बार्षिक बजेटको अनुमोदन गर्ने ।

(घ) आवश्यक नीति निर्देशन तय गर्न कार्य समितिको मूल्याङ्कन गर्ने ।

(ङ)समूहको बार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(च)समूहको बार्षिक कार्ययोजना बनाउने ।

(छ) कार्य समितिको साधारण सभाका सदस्यहरुद्धारा प्रस्तावित कुनै पनि कार्यहरुको योजना माथि निर्णय दिने ।

(ज)समूहले कार्ययोजना बनाउदा ,कम्तिमा ६०प्रतिशत कृषि कार्यक्रम बनाउने ।

(ज)समूहको कार्यक्रम कार्यन्वयन गर्ने ।

(झ) बिगत कार्यको समीक्षा गर्ने ।

**१३ साधारणसभाको कोरम** :

समूहको साधारणसभाको बैठकमा कम्तीमा पनि ५० प्रतिशत सदस्यहरुको उपस्थितिमा हुने छ । यदि सो नभए फेरि तिन दिन भित्र अर्को सभा बोलाउनु पर्ने छ । यसमा कुल साधारण सदस्यको २५प्रतिशत उपस्थिति भएमा पनि यो सभा बस्ने छ ।

**१४ कार्यसमिति (गठन बिधि)** :

(क)कार्यसमिति७ सदस्यको हुने छ ।

(ख) कार्यसमितिमा अध्यक्ष,उपाध्यक्ष,कोषाध्यक्ष,सचिव, तथा ३ जना  कार्य समिति सदस्यहरु हुने छन् । आवश्यकता अनुसार सदस्य बढाउन पनी सकिने छ ।

(ग) कार्यसमितिका पदाधिकारीहरु बोर्ड बैठक हरेक महिनाको ....गतेका दिन सबै सदस्यको बचत पश्चात बस्ने छ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्ने छ ।

(घ) कार्यसमितिको पदाधिकारीहरुको कार्य अवधि .... बर्षको हुने छ ।

(ङ) कार्यसमितिको कुनै पद खाली भएमा  साधारण सदस्य मध्येवाट कसैलाई पनि कार्यसमितिको पदमा कार्यसमितिको बहुमत मनोनित गर्न सक्ने छ ।

(च) कार्यसमितिको कोरम ४ जनालाई मानिनेछ  तथा निर्णय बहुमतद्धारा हुने छ ।

(छ) साधारणसभाका सदस्यहरुले आफूमध्येवाट निर्वाचन प्रक्रियाद्धारा  अध्यक्ष,उपाध्यक्ष,कोषाध्यक्ष,सचिव,र ३ जना सदस्य गरी ७ जनाको कार्यसमिति गठन गर्ने छ ।

(ज) कार्य समितिमा आवश्यकता अनुसार सल्लाहकार, मनोनित गर्न सकिने छ ।

## परिच्छेद –५

## कार्यसमितिको काम,कर्तब्य,र अधिकार

**१५. कार्यसमितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ** :

(क) बिधानको परिधिभित्र रही, समूहको उद्देश्य अनुरुप साधारणसभाले गरेको नीति निर्देशनलाई पालना गर्ने ।

(ख) समूहको बार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु सञ्चालन गर्ने ।

(ग)सरकारी तथा गैरसरकारी संस्थाहरु सँग सम्पर्क वृद्धि गर्ने कृषि सम्वन्धि अन्य संघ संस्थाहरु सँग सम्पर्क राखि बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।

(घ) सहकारीमा जाने प्रयास गर्ने ।

(ङ) समूहको बार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

(च) समूहको कार्ययोजना बनाई लागु गर्ने ।

**१६.१ अध्यक्षको काम, कर्तब्य र अधिकार** :

(क) साधारणसभा, कार्यसमितिको बैठकको अध्यक्षता  गर्ने ।

(ख)साधारणसभा तथा कार्यसमिति समेत द्धारा पारित निर्णयहरुको पालना गर्ने गराउने ।

(ग) समूहद्धारा सञ्चालित सम्पूर्ण कार्यको रेखदेख गर्ने ।

(घ) निर्णयको क्रममा मत बराबरी भएको बेला आफ्नो मत दिने ।

(ङ) समूहको उन्नति पर्गतिको लागि सक्षम तथा प्रगतिशिल नेतृत्व प्रदान गर्ने ।

(च) सचिवलाई बैठक बसाउन निर्देशन दिने ।

(छ) समूहको आवश्यकता अनुसार छलफलगरी बैठक राख्ने र बैठकको अध्यक्षता गर्ने ।

(ज) समूहले गरेको निर्णयहरु कार्यन्वयन गर्ने गराउने ।

(झ) समूहको लागि बिभिन्न स्रोतहरुबाट सेवा उपलब्ध गर्न प्रयत्न गर्ने ।

(ञ) बिभिन्न सेवा प्रदायक संघ संस्थाहरुसँग समन्वय गर्ने ।

(ट) समूहको गतिबिधि लाई प्रभावकारी तुल्याउन योगदान गर्ने ।

(ठ) समूहमा आउने बिवादास्पद कुराहरुलाई समूह भित्रैबाट सुल्झाउने प्रयास गर्ने ।

(ड) समूहको सर्वोपरी हितको लागि नेतृत्व गर्ने ।

(ढ) बैठकमा आम सहमतिबाट निर्णय गर्ने परिपाटी बसाल्ने ।

(ण) बैठकमा सदस्यहरुको भावना र बिचार समेट्ने ।

(त)समूहको चल अचल (नगदी,जिन्सी) सम्पत्तिको संरक्षण गर्ने ।

**१६.२ उपाध्यक्षको काम, कर्तब्य र अधिकार** :

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले  गर्ने सम्पुर्ण काम गर्ने ।

(ख) अध्यक्षको काममा सहयोग गर्ने ।

(ग) कुनै कारणले अध्यक्षको पद रिक्त हुन आएमा अर्को निर्बाचन नभए सम्म कार्यबाहक अध्यक्षको हैसियतले काम गर्ने ।

(घ) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेको वा तोकेको कार्यहरु गर्ने ।

**१६.३ सचिवको काम, कर्तब्य र अधिकार** :

(क) अध्यक्षको सामान्य निर्देशनमा  रही साधारण सभा तथा कार्य समितिको निर्णयलाई कार्यान्वयन गर्ने ।

(ख) कार्यसमितिको बैठक अध्यक्षको स्वीकृत लिई बोलाउनु पर्ने छ ।

(ग) बैठकमा अध्यक्षको परामर्शले कार्यसूची तयार गरी बैठकमा  पेश गर्ने ।

(घ) सामान्यतया : कार्यकाल सञ्चालन र नियन्त्रण सचिवले गर्ने छ ।

(ङ) समूहको सम्पूर्ण कागजात,माइनुटिङ किताबको संरक्षण गर्ने (दुरुस्त राख्ने) ।

(च) बैठकमा प्रस्तावहरु सरसल्लाह छलफल भएको निर्णयहरु सबै क्रमबद्ध गर्ने ।

(छ) सम्वन्धित निकायहरुसँग पत्राचार गर्ने , निर्णयको प्रतिलिपी **खोटेहाङ गाउँपालिका** कृषि बिकास शाखा लगायत सम्वन्धित निकायला..... दिन भित्र पठाउने ।

(ज) समूहको पत्रचार गर्ने कागजहरु तयार गरी अध्यक्षको दस्तखत गराई पठाउने ।

(झ) समूहको नियमित प्रगति विवरणहरु तयार गर्ने ।

(ञ) समूहको बार्षिक कार्ययोजना तयार गरी सम्वन्धित ठाँउमा पठाउने ।

(ट) समूहले निर्णय गरेपछी अन्त्यमा निर्णय पढेर सुनाउने ।

**१६.४ कोषाध्यक्षको काम,कर्तब्य र अधिकार** :

(क) समूहको बचत कोषको पूर्ण जिम्मेवारी हुने छ ।

(ख) चाहिएको समयमा बचत रकम समूहलाई उपलब्ध गराउनु पर्ने छ ।

(ग) समूहको आम्दानी खर्चको सम्पूर्ण सही हरहिसाव राख्नु पर्ने छ ।

(घ) साधारणसभामा समूहको बित्तिय (आर्थिक) प्रतिबेदन पेश गर्ने तथा आर्थिक योजना प्रस्तुत गर्ने ।

(ङ) अध्यक्षको स्वीकृतिमा रु.......।सम्म खर्च गर्न सक्ने छ तर अर्को समूहको बैठकमा सो को बिल भरपाई पेश गर्ने

(च) समूहको कोष बढाउन सक्रिय हुनु पर्ने ।

(छ) समूहको आम्दानी तथा खर्चको लेखापरिक्षण गराउने जिम्मेवारी कोषाध्यक्षको हुने छ ।

(ज) समूहको नियमित मासिक बचत संकलन गर्ने ।

(झ) समूहको कोष बृद्धि गर्ने योजनाहारु तयार गरी बैठकमा राख्ने ।

(ञ) बैठकमा बेला बखत समूहको आय ब्याय हिसाव सदस्यहरुलाई सुनाउने ।

(ट) समूहको कार्यमा भएका खर्चहरु अध्यक्षवाट प्रमाणित गराई फाइलमा राख्ने ।

(ठ) समूहको हिसाव किताव पारदर्शी वनाई राख्ने ।

**१६.५ सदस्यहरुको काम, कर्तब्य र अधिकार** :

(क) सचिवले कार्यसमितिको निर्णय अनुसार कार्य बिभाजन गरी कार्यालयललाई दिए बमोजिमको कामको कार्यान्वयन रेखदेख नियन्त्रण सम्बन्धित सदस्यले गर्ने छ तर सचिवले तथा अध्यक्ष प्रति निजको कार्यकालसम्म जवाफदेही हुनु पर्ने छ ।

(ख) कार्यसमितिको बैठकमा प्रस्तुत एजेण्डामा छलफल र निर्णय दिने मत दिने ।

(ग) कार्य समितिले दिएको लगाएको कार्य गर्ने ।

(घ) वैठकहरुमा बिना सूचना अनुपस्थित नरहने ।

## परिच्छेद – ६

## आर्थिक व्यवस्था (बचत संकलन) र परिचालन

**१७. आर्थिक स्रोत** :

(क) यस समूहको सदस्यहरुवाट प्राप्त सदस्यता शुल्क ।

(ख) समूहको अन्य क्रियाकलाप बाट भएको आम्दानी ।

(ग) कुनै पनि राष्ट्रिय अन्तराष्ट्रिय संघसंस्था वा व्यात्तिबाट प्राप्त चल अचल सम्पत्ति ।

(घ)समूहको सदस्यले बचत गर्ने मासिक रकम ।

(ङ) समूहबाट ऋण लगानी गर्दा प्राप्त ब्याज ।

(च) समूहका सम्पूर्ण सदस्यहरुले कहिँ कतै बाट,तालिम गोष्ठीबाट प्राप्त गर्ने रकमको.... प्रतिशत बाट ।

(छ) समूह सदस्यले आफ्नो नाम बाट गरेको बचत ।

(ज) ऋण लगानी गर्दा प्राप्त..... प्रतिशत सेवा शूल्क ।

(झ) विलम्व शूल्कबाट ।

**१८.हितकोष** :

(क) श्री .............................. **...............................................समूह खोटाङको एक हितकोष हुनेछ ।**

(ख) नेपाल सरकारको मान्यता प्राप्त बैंकमा समूहको खाता रहने छ ।

(ग) हाल सम्मको हितकोष रकम रु..........। रहेको छ ।

**१९.हितकोष परिचालन** :

(क) समूह सदस्यलाई आवश्यकता भएमा हितकोष बाट ऋण सापटी लिन सक्नेछन् ।

(ख) सदस्यले ऋण माग गर्न निबेदन दिनु पर्ने छ ।

(ग) कृषि कार्यको लागि ऋणमा ..... प्रतिशत मासिक ब्याज लाग्ने छ ।

(घ) अन्य कार्यका पनि लागि ऋणमा ......प्रतिशत मासिक ब्याज लाग्ने छ ।

(ङ) मासिक ब्याज, मासिक बचत,रकम एवं ऋणि सदस्यले तोकेको ऋण किस्ता व्यावसाय अनुसार गाई,भैसी, बाखा पालन को हकमा ...वर्ष सम्म चुक्ता गरि सक्ने तरकारी तथा खाद्यान्न व्यावसायको हकमा ... महिनामा चुक्ता गर्ने अन्य मसला खेती वा ज्यादै समय लाग्ने खेतीको अवस्था अनुसार ऋण बुझाउनु पर्ने छ ।

(च) ऋण लिदा ऋण रकमको.... प्रतिशत सेवाशुल्क बुझाउनु पर्ने छ ।

(छ) नेपाल सरकारद्धारा मान्यता प्राप्त बैंकमा समूहको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुने छ ।

**२०.बिलम्ब शूल्क** :

(क)मासिक बचत रकम तोकेको समयमा नतिरेमा अर्को महिनाको मासिक मिटिङमा रु... बिलम्ब शूल्क लाग्ने छ ।

(ख) दोस्रो महिनाको मासिक मिटिङमा रु..... बिलम्ब शूल्क लाग्ने छ ।

(ग) तेस्रो महिनाको मासिक मिटिङमा रु.......बिलम्ब शूल्क लाग्ने छ ।

(घ) चौथो महिना बाट सदस्यता खारेज हुने छ ।

(ङ) तोकीएको समयमा बुझाउनुपर्ने ऋण,किस्ता र ब्याज नबुझाएमा प्रत्येक महिना रु......., बरावर ऋण बाट रु.........का दरले(...%) .....महिना सम्म बिलम्व शूल्क लाग्ने छ । चौथो महिना ऋण रकम र ब्याजहरु ऋणी र जमानी सदस्यहरुवाट असुल उपर गरिने छ ।

(च) एक सदस्यको जमानी बसेको सदस्यले अर्को पुनः जमानी बस्न पाइने छैन ।

(छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋणका आधी भाग तिरी सकेपछि जमानी सदस्यले ऋण पाउन सक्ने छ ।

(ज) ऋण लिएका सदस्यले अरु सदस्यको जमानी बस्न पाउने छैन ।

(झ) ऋण लिनका लागि रु........। सम्म १सदस्य जमानी, रु .....। सम्म .. सदस्य जमानी र रु.....। भन्दा माथि सम्म...सदस्य जमानी चाहिने छ ।

**२१.लेखा परिक्षण** :

एक बर्षमा एक पटक लेखा परिक्षण गराउनु पर्द छ । आय व्ययको जाँच कोषाध्यक्षले गराउनु पर्ने छ । र

सोको प्रतिलिपी साधारणसभामा पेश गर्नु पर्ने छ । आर्थिक बर्ष श्रावण १ गते देखि असाड मसान्त सम्मको हुने छ । मुनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक बर्षको लेखा परिक्षण पछि निजहरुको हिसाव खातामा जम्मा गरिने छ ।

## परिच्छेद –७

**२२. निर्वाचन सम्बन्धी व्यवस्था** :

यस समूहको कार्यसमिति कायम रहेको अवस्थामा सोहै कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा आजिबन सदस्यहरुको बैठकले निर्वाचन अधिकृत नियुक्त गर्ने छ । सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्ने छ । सो निर्वाचन पर्ने खर्च कार्यसमितिले व्यवस्था गर्ने छ । यसमा कार्यसमितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्धारा साधारणसभाको सदस्यहरुले छान्ने छन् ।

**२३.पदावधि** :

(क) कार्यसमिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि ... बर्ष हुने छ ।

(ख) सो गठित कार्यसमितिको पदावधि समाप्त हुन १महिना अगावै समूहको साधारणसभा बोलाई नया कार्यसमितिको चुनाव गराउन अनिवार्य हुने छ ।

(ग)कार्यरत रहेको निर्वाचन कार्यसमितिका कार्य अवधि समाप्त(वा शुरु)हुनासाथ सो कार्य समितिसँग भएको मानिने छ

(घ) कार्यसमितिले बिधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुने महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि । सो कार्य समितिको आजिबनसदस्यहरुको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समिति द्धारा साधारणसभाको बैठक नया कार्य समिति गठन गर्ने छ ।

(ङ) कार्यसमितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्यसमिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्यसमितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पुर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय भए सो लाई बुझाई सो को भरपाई लिनु पर्ने छ । सो नगरेमा यस समुहलाई हानी नोक्सानी भएमा सो कार्यसमितिका अध्यक्ष र सचिव दुबै संयुक्त रूपमा व्यहोर्नु पर्ने छ ।

**२४. उम्मेदवारको अयोग्यता:**

(क) (व्यक्ति) जो कृषि पेशामा संलग्न छैन ।

(ख) (व्यक्ति) जो कृषिका समुहमा छैन ।

(ग) (व्यक्ति) जसले समुहको उद्देश्य बिपरित कार्य गर्दछ ।

(घ) (व्यक्ति) जसको मानसिक अवस्था सामान्य छैन ।

(ङ) (व्यक्ति) फौजदारी अभियोगमा सजाय पाएको छ ।

**२५. अविश्वासको प्रस्ताव :**

साधारणसभाको सदस्यहरु मध्येवाट एक तिहाई सदस्यहरुले कार्यसमिति उपर अबिश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुवाट प्रस्ताव पारित भएमा कार्यसमिति बिगठन हुने छ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौका बाट बञ्चित गरिने छैन ।

**२६.राजिनामा** :

यस समूहको अध्यक्षले उपाध्यक्ष (भए)समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्यसमितिका पदाधिकारीहरु तथा सदस्यको राजिनामाका हकमा कार्यसमितिको बैठकवाट स्वीकृत नभए सम्म आफ्ना पदमा रहि रहने छन् ।

**२७. बिधान संसोधन** :

समूहको विधान संसोधन गर्न आवश्यकता पर्न आएमा साधारणसभाको सदस्य मध्येका कम्तीमा ५१ प्रतिशतसदस्यको उपस्थितिमा बिधान मस्यौदा पेश गरिने छ । सदस्यहरु मध्येका उपस्थित सदस्यहरु मध्येको २ तिहाई बहुमतवाट विधान मस्यौदा पारित भई **खोटेहाङ गाउँपालिका** कृषि विकास शाखा वाट स्वीकृत भएमा बिधान संसोधन गरिने छ ।

**२८.नियम बनाउने** :

साधारणसभाले आन्तरीक संचालन नियमहरु बनाउन सक्ने छ ।

**२९.उपसमितिहरु गठन गर्न सक्ने छ** :

साधारणसभाले यवं कार्य साधारण सभाको स्वीकृत दिई आफ्ना कार्यक्रमहरु संचालन गरि समयको लक्ष र उद्देश्य प्राप्ती गर्न उपसमितिहरु बनाउन सक्ने छ ।

**३०.समूहको बिघठन** :

(क) समूहको बिधान बमोजिम कार्यसञ्चालन गर्न नसकि वा उद्देश्य प्राप्त गर्न असफल भए समूहको बिघटन हुने छ । यसरी समूह बिघटनभए बचत सम्पूर्ण सदस्यलाई फिर्ता गर्नु पर्ने छ ।

(ख) समूहमा बस्न नचाहेमा ६ महिना सम्म सदस्य रहेको सदस्यताको कुल बचत वाट १० प्रतिशत बचत कट्टा गरिने छ । भने १२ महिना सम्म सदस्य रहि बचत गर्ने सदस्यको कुल बचत वाट ७ प्रतिशत बचत कट्टा गरिने छ । १८ महिना बचत गर्ने सदस्यको कुल बचत वाट ५ प्रतिशत वचत कट्टा गरिने छ । भने २४ महिना २ प्रतिशत बचत कट्टा गरिने छ भने २४ महिना भन्दा बढी समय सम्म सदस्य रहि बचत गर्ने सदस्यलाई बचत व्याज र बार्षिक मुनाफा समेत सहभागि गराइने छ । यदि कुनै सदस्यको मृत्यू भएमा निजले बचत गरेको सम्पूण रकम निजको सवभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज समेत फिर्ता दिइने छ । समूहले कुनै संघ संस्था कार्यालय वाट पाएको कुनै पनि अवसर सामाग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय पालो गरी सवै सदस्यले पाउने गरी बितरण गरिने छ ।

(ग) समूहको नियमित बैठक प्रत्येक महिनाको ....गते का दिन वस्ने छ । समूह बैठकहरु यसले निधो गरेको ठाँउ मिति र समयमा नियमित रुपमा बस्नेछ । पूर्व निश्चित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो जानकारी कारण सहित पहिले नै दिनुपर्छ । लगातार तीन बैठकहरुमा उपस्थित नहुने सदस्यलाई समूह सहमतीको आधारमा निष्कासित गरिने छ ।

**३१.ऐन नियम** :

यस समूहले नेपालको प्रचलित ऐन कानुन बिपरित कार्य गरेमा **खोटेहाङ गाउँपालिका** कृषि बिकास शाखाले यस समूहको दर्ता निलम्बन वा खारेजी गर्न सक्ने छ ।

**३२. यस समूहको छाप र लोगो निम्न बमोजिम रहने छ ।**

(क) छाप गोलाकार घेरामा समूहको नाम श्री ......................................कृषक समूह **खोटाङ** रहने र बिचमा.................................... रहने छ ।

(ख) लोगो गोलाकारमा समूहको नाम, ........................................... र स्थापना २०७५ रहने छ ।

**प्रमाणीत गर्नेको सहि**